# देवदह नगरपालिका, नगर कार्यपालिकाको २०८१ भाद्र १९ गतेको बैठकको निर्णयहरु

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|
| १ | सार्वजनिक खरिद अनुगमन कार्यालयको च.नं. M।२३३, मिति २०८१।४।३० र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ५५, मिति २०८१।५।१२ को पत्रमा उल्लेख भएको विषयलाई पुनरावलोकन गर्न सार्वजनिक खरिद अनुगमनको कार्यालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने। | |
| २ | अन्तरस्थानीय तह वारुणयन्त्र संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० लाई संशोधन गर्ने। | |
| ३ | देवदह ७ शितलनगरस्थित सोमबारे हाटबजार परिसरमा संचालित विद्युतीय चार्जिङ्ग स्टेशनमा विद्युतीय सवारी साधन चार्जिङ्ग वापत आगामी नगरसभाबाट अनुमोदन गर्ने गरि आजकै मितिबाट देहाय बमोजिमको दरले राजश्व लिने।<br>तपसिल<br>१. प्रति प्वाइन्ट -रु. ७/-<br>२. प्रति युनिट -रु. १४/- | |
| ४ | आ.व. २०८०/०८१ को चौथो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुमध्ये सामाजिक सुरक्षा भत्ता रकम छुट भएकोले अपुग रकम मागका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा लेखि पठाउने। | |
| ५ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. १ मिति २०८१/४/३ को पत्रबाट माग भई आएको यस स्थानीय तहमा रहेको सेवा ईकाईमा कार्यरत एम.आई.एस. अपरेटर र फिल्ड सहायको विवरण पठाउने। | |
| ६ | देवदह नगरपालिका वडा नं. ७ का वडा अध्यक्ष श्री कृष्ण प्रसाद अधिकारीज्यूको सुपुत्र चन्द्रमणी अधिकारीको ३५वर्षको उमेरमा भएको असमायमिक निधनको शोकको घडीमा दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त। | |